# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।१०।२३ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला कृषि बिकास कार्यालय, हुम्लाबाट दिइएको अनुदान सृजनशील कृषि सहकारी संस्थाले हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा साविक कृषि ज्ञान केन्द्र, हुम्लाको आ.व. २०७५/०७६ को सहकारी नमूना गाउँ स्थापना तथा सन्चालन कार्यक्रम अन्तर्गतको उमान्दे खोलादेखि बल्देकाध सिंचाई कुलो निर्माण र सहकारी नमूना गाउँको जग्गा घेरवार कार्यमा भएको बास्तविक कार्य भन्दा बढी काम भएको भनी झुट्टा बिल, भरपाई, नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन बनाई रु.११,२६,५२८।८९ बढी भुक्तानी लिई/दिई आफूलाई गैरकानूनी लाभ पुऱ्याएको र प्रदेश सरकारलाई गैरकानूनी हानी पुऱ्याएको पुष्टि भएको देखिएकोले उल्लिखित कसुरमा संलग्न देहायबमोजिमका प्रतिवादीहरुलाई निम्नानुसार सजायको मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

**देहायः-**

| सि.नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन निमित्त कार्यालय प्रमुख राम सुरत पाल (गडरिया) | साविक कृषि ज्ञान केन्द्र, हुम्ला | रु.११,२६,५२८।८९ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ङ) बमोजिम कसुर भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन साथै भए गरेको कार्यभन्दा बढी नभए नगरेको कुरा देखाई गलत नापी किताब, अन्तिम बिल र कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गरी सहकारी संस्थालाई बढी भुक्तानी दिने कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरसमेत भएको हुँदा निजलाई ऐ. ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुन समेतको मागदाबी लिइएको छ। |
| २. | तत्कालीन सव-इन्जिनियर दिल बहादुर बोहरा | साविक कृषि ज्ञान केन्द्र, हुम्ला | रु.११,२६,५२८।८९ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ङ) बमोजिम कसुर भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी उक्त बिगो असुल उपर हुन साथै भए गरेको कार्यभन्दा बढी नभए नगरेको कुरा देखाई गलत नापी किताब, अन्तिम |

| | | | | |
|---|---|---|---|---|
| | | | | बिल र कार्य सम्पन्न प्रतिवेदन तयार गरी सहकारी संस्थालाई बढी भुक्तानी दिने बदनियतले गलत प्रतिवेदन दिने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरसमेत गरेको हुँदा निजलाई ऐ. ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना हुन समेतको मागदाबी लिइएको छ। |
| ३. | तत्कालीन अध्यक्ष प्रयाग लाल बुढा, सचिव नन्द बहादुर रोकाया, कोषाध्यक्ष रामशिला रोकाया र सदस्य प्रेम बहादुर बुढा | सृजनशील कृषि सहकारी संस्था लि., सर्केगाड, हुम्ला | रु.११,२६,५२८।८९ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुर भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी उक्त बिगोसमेत जफत हुन मागदाबी लिइएको छ । |

प्रवक्ता
श्याम प्रसाद भण्डारी